# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं पौष १६ गते ०८ साल

## भाग ४

## खाद्य तथा भूमि–व्यवस्थामन्त्रालयको विज्ञप्ति

२४१२

अनुचित तरिकाबाट खाद्यान्न संग्रह गरी राखी बजारमा स्वतन्त्र-रूपले आउने धान चामल र अरू खाद्यान्नसमेतको गतिविधिमा बाधा गर्ने र एकलौटी गरी थुपारी राखी भाउ बेसाहा महगो गराई मात्र बिक्री गर्ने एक-थरी महाजन व्यापारी फौबन्जार तथा स्टाकिष्टहरूलाई पहिलेदेखि नै खाद्य-मन्त्रालयले बराबर चेतावनी दी आइरहेको जनतामा विदितै छ। त्यस चेतावनी र होशियारी गर्नाले मात्र अनुचित तरिकाबाट खाद्य संग्रह गर्नेहरूलाई केही असर पर्न नगएको खाद्यमन्त्रालयले स्पष्टै बुझेकोले नेपाल खाद्यान्न-संचय-निवारण ऐन जारी गरी यो कानूनअन्तर्गत आफूलाई चाहिनेभन्दा बढी अन्न थुपारी राख्ने र महगी गराई मात्र धान चामल बजारमा छाड्ने नियतबाट अन्न-संग्रह गर्नेहरूकहाँ तीनै सहरहरूमा मुस्तैदीसाथ सरकारले तलाशी लिएको सबैलाई थाहा भएकै कुरा हो। नाजायज तरिकाबाट अन्न संग्रह गरी महगी बढाउन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खोज्ने यस्ता अन्नका व्यापारी फौबन्जार, स्टाकिष्ट र आफूलाई चाहिनेभन्दा बढी अन्न एकलौटी गरी राख्न खोज्नेहरूलाई समेत टायममा नै यो विज्ञप्तिद्वारा चेतावनी दिएको छ र उनीहरूलाई सूचनार्थ नेपाल भरमुलुकका लागि जारी भैराखेको नेपाल खाद्यान्न—संचयनिवारण ऐन, पनि यसै विज्ञप्तिमा प्रकाशित गरिदिएको छ ।

# नेपाल खाद्यान्न–संचयनिवारण ऐन

खाने अन्न थुपारी राख्ने हटाउनलाई बनेको ऐन २००८

स्वस्ति श्रीगिरिराज-चक्रचूडामणि-नरनारायणेत्यादि विविध विरूदावली-विराजमानमानोन्नत ओजस्वी राजन्य-प्रोज्वल नेपाल-तारा ॐ-रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति सर्वोच्च कम्याण्डर इनचीफ श्रीमान् महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवन वीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम्; सदा समरविजयिनाम् — — — —

देशमा परेको अन्नको कमी हटाउन अन्न जम्मा गरी थुप्रयाई राख्ने बन्द गर्न जरूरी देखिएकोले हामी श्री ५ महाराजाधिराजबाट आफ्नो मन्त्रिमण्डलको सल्लाहले यो कानून जारी गरिबक्सेको छ ।

१. क. यो कानूनलाई नेपाल खाद्यान्नसंचयनिवारण ऐन, २००८ भनिनेछ ।

ख. यो ऐन तुरुन्तै लागू हुनेछ ।

२. जसले आफूसँग वा आफ्नो अधीनमा खाने अन्न निजी आवश्यकता, आफ्नो परिवारको आवश्यकता, आफ्नो व्यवसाय पेसा र खेतिबाल भए बीउको दरकार इत्यादिलाई चाहिनेभन्दा बढ्ता राखेको भए अन्न थुप्रयाई राखेको भनिनेछ ।

३. त्यस्ता व्यक्ति जो सरोकारवाला बडाहाकिमका राथमा अन्न थुप्रयाई राखेका भनी ठहरिन्छ। साम्प्रदायिक परिपालनको निमित्त आवश्यकीय सामानपनि प्रतिकूल काम गरेको भनी नेपाल जनसुरक्षा कानून दफा २; १ ख. बमोजिम थुनाइमा पर्नेछ।

११० – B

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. कसैले अन्न थुपर्याई राखेको हो भनी बडाहाकिमको चित्त बुझेमा उनको आदेशबमोजिम सो बढी अन्न खुला बजारभाउमा अथवा बडाहाकिमले किटि दिएको उचित भाउमा बडाहाकिमले तोकिदिएको मानिस अथवा मानिसहरूलाई बिक्री गरिदिनेछ। माथि लेखिएका कारवाई बडाहाकिमले नेपाल जनसुरक्षा कानूनको अतिरिक्त अथवा बदलामा लिनेछन्।

५. अन्न थुपर्याई राखेका भनी मनासीब शंका लागेमा बडाहाकिमले उत्तरदायी मानिसद्वारा घरको खानतलासी लिन पाउनेछन्। त्यस्तो तलासी लिंदा घरका मानिसहरूलाई नोटिस दिएर उनको इज्जत पर्दाको कदर राखी शिष्टता र भद्रतापूर्वक काम गर्नुपर्छ।

६. दफा ५ बमोजिम खानतलासी लिंदा कुनै मानिसले बाधा अथवा रोक तोक गरेमा छ महीनासम्मको जेलसजाय अथवा रू ५००। सम्म जरिवाना अथवा दुवै सजाय पाउनेछ।

७. (१) कुनै मानिसले दफा ४ बमोजिम थुपर्याई राखेको बढ्ता अन्न बिक्री गराउन नमानेमा अथवा सो अन्नको बिक्रीमा बाधा अथवा रोक तोक गरेमा १ वर्षसम्मको जेलसजाय अथवा रू. ५००। सम्म जरिवाना अथवा दुवै सजाय पाउनेछ।

(२) बढ्ता थुपर्याएको अन्न बिक्री गराउन नमानेमा बाधा अथवा रोक तोक गरेमा बडाहाकिमले सो बढी अन्न बलात्कार पक्रन र आफ्नो अर्डरअनुसार बिक्री गराउन पाउनेछ। बढी अन्न माल धनीलाई नै दिइनेछ।

८. यो कानूनबमोजिम अखतियारको काम गर्दा बडाहाकिम अथवा उनले खटाएका प्रमाणित मानिसहरूउपर अदालतमा मुद्दा अथवा कारवाई चल्ने छैन।

सेक्रेटरी—
खाद्य भूमिव्यवस्थामन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# खाद्य भूमि–व्यवस्थामन्त्रालयको विज्ञप्ति

०८।९।८

आदेशबमोजिम सूचित गरिन्छ कि काठमाडौं उपत्यकाञ्चलको निमित्त धान मन ३ तीन लाख चाहिएको छ. साबिकमा धान चामलको ठेकदारले रक्सौल एन्.जी.आर. स्टेसनमा डेलीभरी दिने, त्यहाँदेखि यता ढुवानी ठेकदारले ल्याउने गरी रेल, रोपबाहेक ढुवानी मजूरी बोरासहित तौल फी मन ११ आना ३ पैसा र धान चामलको जर्ती हजारकडा ४ चार मनका दरले मिनाहा पाउने हिसाबसँग काम भै आएकोमा अब धान चामल दिने ठेकदारले नै मधेश तराईबाट खरीद गरी ढुवाई ल्याई थापाथली रसद – गोदाममा डेलिभरी दिने गरी देहायका सर्तमा काम गर्न मनसुवा हुने र सक्नेले देहायबमोजिम खुलाउनुपर्ने कुरासमेत स्पष्ट खुलाई ०८ साल पौष २४ गतेसम्ममा मन्त्रालयमा दाखिल भैसक्ने गरी डाँकमार्फत तुरुन्त लाहाछाप लगाई रजिष्टरी गरी टेंडर भन्ने जनाई सेक्रेटरी–खाद्यमन्त्रालय, सिंहदरवारका नाममा सील टेन्डर पठाउनुहोला र जसको दर किफायत र चाँडो राम्रो सजिलोसँग काम गर्ने कबूल देखिएला, उसैका साथ बन्दोबस्त गर्न विचार भै निकासा भएबमोजिम हुनेछ ।

(१) सेतो भदैया वा अगहनी धान वा कुटानी गरी त्यसको चामल दाखिल गरे पनि हुन्छ। ०८ साल माघदेखि ९ साल ज्येष्ठसम्म महीनावारी दामासाहीले ल्याई दाखिल गरिसक्नुपर्छ। सो धान चामल कुन कुन जिल्ला इलाका एरियाबाट कुन कुन किसिमको कति कतिसम्म खरीद गरी ल्याई दिनसक्ने हो ?

(२) जिल्लामा खरीद गर्ने दर सरकारबाट तोकिनेछ, सो तोकिएको दरमा नघटाई खुश खरीद गरी कस्ती काँटा ढुवाई लोड अम्लोड, रेल, मोटर, रोप इत्यादि भाडा मजूरी बोरा सुतरीसमेत आफ्नै तर्फबाट लगाई ल्याई डेलीभरी गरेका कुन किसिमका धान चामलको खरीदी दरमाथि फी मन के दरले थपी मोल लिने हो ?

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) सो काम गर्न पेस्की लिने नलिने के हो ? लिनेले त्यसमा जेथाजमानी धनजमानी के कसलाई दिने कस्तो सर्त प्रबन्धसँग कति पेस्की लिने ?
(४) जुन किसिको धान चामल दिने हो, २ दुइ मन कस्ती बोरा धानमा डेढ सेरभन्दा बढी धूलो फोगटा र चामलमा १ एक सेरभन्दा बढी धूलो कनिका मिनाहा हुने छैन। सडे बिग्रेको समेत हुन पनि हुँदैन।
(५) एन्. जी. रेल, रोपबाट चलाउन चाहिने वाएगन क्यारीयर दिन सो विभागलाईं र ओ. टी. आर. बाट ल्याउन वाइगन पर्मीट निमित्त परराष्ट्रविभागलाईं लेखिई जानेछ । त्यसमा तरताकीता पैरबी जो गर्नुपर्ने आफैंले गरी लिन, चलाई ल्याउन सक्नुपर्छ ।
(६) मोटर लरीबाट ढुवाउनुपर्ने ठाउँलाई चाहिने पेट्रोल कन्ट्रोलदरमा पाइनेछ ।
(७) कबूलको धान चामल तोकिएका टायममा नबुझाई हर्जा गरे हर्जा नोक्सानीसमेत बुझाउनुपर्नेछ ।
(८) टेन्डरवालाको नाम, थर, वतन र डेरा गरी बसेको भए सोसमेत प्रष्ट खुलाई लेख्नुपर्छ ।
(९) कारवाईनिमित्त चाहिएमा खोजी हुनासाथ हाजिर हुन सक्ने गैरहनुपर्छ ।
(१०)यो धान चामल खरीद गरी ल्याउने बारे किफायत र सजिलो चाँडो हुन सक्ने मुनासीब कुरा अरु केही भए सो पनि खुलासा लेख्नुहोला ।
(११) आवेदनपत्र, बिन्तिपत्र छापा लिफामा लेखिएको वा रु. १ एकको टिकट टाँसिएको हुनुपर्छ । सोबमोजिम भएको र म्यादभित्र आइपुगेका आवेदनपत्रमा मात्र कारवाई हुनेछ ।

सेक्रेटरी खाद्य-भूमिव्यवस्थामन्त्रालय.

## खाद्य तथा भूमिव्यवस्था—मन्त्रालयको विज्ञप्ति

०८।६।१३

बिर्ता जग्गा र बिर्ता जग्गामा बनेको घरवास सुकी बिक्री बन्धकी गर्न दान दातव्य दिन र अंशबन्डा इत्यादि काम बिर्ताखारेजीको काम निर्णय नभए-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्म स्थगित रहने भएकोमा खारेजीको कामलाई केही समय लाग्ने भएकोले बिर्तावालहरूको व्यवहारी काम बन्द हुन गएकोले तल लेखिएसम्मको सुक्री बिक्री, बन्धकी, दान दातव्य, अंशबन्डाको काम गर्न हुने भएको छ । रजिष्टेसन गरिदिने अड्डाहरूले पनि अर्को आदेश नभएसम्म तल दफादफामा लेखिएबमोजिम गरी पास गरिदिने गर्नू ।

१. बिर्ता जग्गामा बनेको घरवास र सो घरको कयाम्पा कम्पाउन्ड जो जति भए पनि ।

२. भैरहेको ऐन सवालबमोजिम दान दातव्य दिन पनि हुन्छ । सो दान दातव्य पाउनेले बिक्री भने गर्न हुँदैन ।

३. भैरहेका ऐनसवालले बिक्री बन्धकी गर्न हुने बिर्ता जग्गा जतिसुकै बिर्ता हुनेले पनि सदर पहाडको भए सुक्री बिक्री बन्धकी जे गरे पनि जम्मा रोपनी २५ पच्चीससम्म र मधेशको भए बिगाहा २५ पच्चीस सम्म एकातिरको मात्रै सुक्री बिक्री बन्धकी जे गरे पनि हुन्छ । लेखिए-भन्दा बढी र दुवैतिरको सुक्री बिक्री बन्धकी गर्न हुँदैन । रजिष्टेसन पास गरिदिने अड्डाले पनि मधेशतर्फको जग्गा सुक्री बिक्री बन्धकी गर्दा सदर पहाडको बिक्री बन्धकी गर्ने छैन भन्ने र सदर पहाडको बिक्री बन्धकी गर्दा मधेशतर्फको बिक्री बन्धकी गर्ने छैन भन्ने बिक्री गर्ने बिर्तावालको कागत गराई मात्र पास गरिदिने गर्नू ।

४. कसैको अंशियारहरू छुट्टी अशबन्डा गर्नुपरेमा भैरहेका ऐनसवाल-बमोजिम अंशबन्डा गरिदिन हुन्छ ।

सेक्रेटरी —
खाद्य भूमिव्यवस्थामन्त्रालय.

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१११८ - १३